# सप्तकोशीमा वर्षकै उच्च बहाब

♦ हाम्रोमत संवाददाता

*इटहरी, १३ भदौ*



सप्तकोशी नदीमा आइतबार यो वर्षकै उच्च वहाव मापन भएको छ। केहि दिनयता पहाडी क्षेत्रमा वर्षा भइरहेकोले पानीको बहाब उच्च बनेको हो।

कोशी ब्यारेज कन्ट्रोल रुमले दिएको जानकारी अनुसार पछिल्लो मापन अनुसार सप्तकोशीमा २ लाख ५७ हजार ७ सय ९० क्यूसेक प्रतिसेकेण्ड वहाव पुगेको छ। नदीको बहाव बढेसँगको कोशी ब्यारेजका ३५ वटा ढोका खोलिएका छन्।

साउन ३२ गते कोशीमा यस वर्षकै बढी २ लाख ५६हजार २० क्यूसेक प्रतिसेकेण्ड वहाव मापन गरिएको थियो। पहिल्लो मापनले सो रेकर्डलाई समेत उछिनेको छ। पूर्वका अधिकांश भेगमा वर्षा जारीरहेकाले कोशीको जलस्तर अझै बढ्नसक्ने अनुमान गरिएको छ।

निरन्तरको वर्षासँगै कोशीको वहावमा निकै उतारचढाव देखिदा श्रीलंका टापु क्षेत्रमा नदीले कटान थालेको छ। नदीमा आएको उतार चढावका कारण यसअघिका सातामै कटान लागेको सो क्षेत्रको कतिपय स्थानमा पुनः कटान सुरु भएको छ।

सुनसरीका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले नदीले टापु क्षेत्रका केहि स्थानमा कटान गरेको खबर प्राप्त भएको बताए। उनका अनुसार गरैया टापुका २० घर परिवारलाई उद्दार गरी सुरक्षित स्थानमा सार्ने तयारी भैरहेको छ। नदीको बहाव बढेसँगै प्रजिअसहितको टोली कोशी क्षेत्रको निरीक्षणमा निस्केको छ।

गोठालो गएका सर्वसाधारण बाढीका कारण अलपत्र परेपछि गोताखोरसहितको सुरक्षाकर्मीको उद्दार टोली लिएर घटनास्थल पुगेका छन्। सप्तकोशीमा आएको बाढीले कयौं दिन अघिदेखि तटवर्ती कटान गरी मानव बस्ती प्रवेश गर्दा पनि सरकारले कोशी आसपासका सर्वसाधारणको सुरक्षामा चासो नदेखाएको स्थानीयबासी सन्तोष चन्द्रवंशीले बताए।

२०६५ साल भदौ २ गते सप्तकोशीले पूर्वी तटबन्ध भत्काएर कटान गर्दा पानीको बहाव १ लाख ६८ हजार क्युसेक प्रतिसेकेन्ड थियो। सप्तकोशीको पानीको कटानका कारण सुनसरीको साविकका गावस हरीपुर, प्श्चिम कुशाहा र लौकही गाविसमा हजारौ विघा खेतियोग्य जमिन भरुभुमि बनेको थियो भने ५ हजार भन्दा बढि घर परिवारको उठिवास भएको थियो।

# प्रतिबन्धित औषधीसहित पक्राउ

विराटनगर, १३ भदौ (हाम्रोमत)- मोरङको उर्लाबारी नगरपालिका १ स्थित झारसादी का २० वर्षीय उमेश धिमाललाई प्रतिबन्धित औषधीसहित प्रहरीले पक्राउ गरेको छ।

शनिबार राति विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले घरैबाट उनलाई पक्राउ गरेको हो।

धिमाल सुत्ने कोठाबाट प्रतिबन्धित औषधी ट्रामाडोल ५७५ ट्याब्लेट र स्पास्पेन ५७० ट्याब्लेट बरामद गरेको हो। उनीमाथि थप अनुसन्धान भइहरेको प्रहरीको भनाइ छ।

सर्ट कमेन्ट

# इन्टरनेटको साँढे हो 'क्लासिक टेक' ?



■ अर्जुन आचार्य

विराटनगरमा भर्खरै बामे सर्दै गरेको एउटा इन्टरनेट सेवा प्रदायक कम्पनी 'क्लासिक टेक'ले उसको समाचार लेखेकै आधारमा अनलाइन समाचार पोर्टल आवर विराटनगर डट नेट 'ब्लक' गर्‍यो। यसले प्रेस स्वतन्त्रता चाहने आम मानिस तथा पाठकलाई झस्कायो। यो गम्भीर विषय पनि हो। नेपालको संविधानको प्रस्तावनामै नागरिक स्वतन्त्रता, पूर्ण प्रेस स्वतन्त्रता र कानूनी राज्यको अवधारणालाई आत्मसाथ गरिएको छ।

संविधानको प्रस्तावना भनेको अपरिवर्तनीय विषय हुन्। विश्वका लोकतान्त्रिक मूल्य मान्यता बोकेका मुलुकमा प्रेस स्वतन्त्रता मात्रै उल्लेख छ। तर, नेपालमा पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गरिएको छ। यसको मक्सद भनेकै कुनै पनि बाहनाबाजीमा राज्यले वा कोही कसैले प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्ने प्रयास नगरोस्, वा कुनै बाहनामा संचारमाध्याममाथिको हमला बन्द होस् भन्ने नै हो।

यस्तै संविधानको धारा १७ मा स्वतन्त्रताको हक उल्लेख छ। उक्त धाराको उपधारा २ को (क) बुँदामा विचार र अभिव्यक्तिको स्वतन्त्रता उल्लेख छ। यस्तै संविधानको धारा १९ मा सञ्चारको हक उल्लेख छ। उक्त धाराको उपधारामा (१) मा विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन भन्ने उल्लेख छ। सोही धाराको उपधारा (२)मा कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन भन्ने उल्लेख छ।

संविधानमा उल्लेखित प्रावधानको क्लासिक टेकले अवज्ञा गरेको। उसले नेपालको कानून अनुसार दर्ता भएर संचालनमा रहेको अनलाइन समाचार च्यानलले समाचार लेखेकै आधारमा आफ्नो नेटवर्कमा 'ब्लक' गराउनु गैरकानूनी र कायरतापूर्ण कार्य हो। विराटनगरमा इन्टरनेट सेवाप्रदायक कम्पनीहरु वर्डलिङ्क, भायनेट, सुविसु र क्लासिक टेक लगायत छन्। सेवाप्रवाहमा कमजोर प्रस्तुत गर्ने, जुन स्पिडको इन्टरनेट खरिद गरेको सो अनुसारको स्पिड नदिने, आफ्ना ग्राहकको गुनासो रेस्पोन्स नगर्ने जस्ता दादागिरी इन्टरनेट सेवा प्रदायक कम्पनीहरुले गर्दै आएका छन्। जनताले गरेको सोही गुनासो र विरोधलाई समाचारको विषय बनाउँदा संविधानकै उल्लंघन हुनेगरी कदम चाल्नु गैरसंवैधानिक र घोर अन्यायपूर्ण तथा आपत्तीजनक कार्य हो। यस कदम चाल्ने क्लासिक टेकका विरुद्धमा पीडित संचारमाध्याम मात्रै होइन, नेपाल पत्रकार महासंघले समेत ठोस कदम चाल्नु आवश्यक छ।

मोफसलमा संचालनमा रहेको अनलाइन सञ्चारमाध्यामलाई निरुत्साहित र बन्द गराउने खालको धाकधम्कीपूर्ण हर्कतको जति निन्दा गरेपनि पुग्दैन। क्लासिक टेकले दिने भनेको उसका ग्राहकलाई सेवा हो। ग्राहकको गुनासोको सम्बोधन गर्ने हो। समाचारमाध्याममा आएको विषयमा चित्त नबुझे, प्रेस काउन्सिल वा अन्य निकायमा उजुरी गर्ने व्यवस्था छ। तर, एकाएक मैमत्ता साँढेले जस्तो आफ्नो हात छ भन्दैमा संविधानविपरीत जथाभावि आक्रमण गर्नु खेदजनक छ।

आफूले अनलाइन पोर्टल बन्द गरेको आशयको पत्र सगर्व पत्रकार महासंघलाई समेत बोधार्थ पठाउनु उसको हेपाहा तरिका हो। उसले पत्रका माध्यमबाट पत्रकारिताको धर्म र समाचारको विषयमा अनावश्यक पाठ पढाउने कोशिस गरेको छ। उसको यस हर्कतले नेपालको संचारमाध्याम र प्रेस स्वतन्त्रताका उपयोगकर्ताहरुको नाडि छाम्ने प्रयास गरेको देखिन्छ।

नेपाली प्रेसले देशमा सुशासनको पक्षमा, लोकतन्त्रको पक्षमा होस् वा भर्खरै केपी ओली नेतृत्वको सरकारले चालेका असंवैधानिक कदमका विरुद्धमा हुन्, सशक्त आजाव उठाएको छ। उनीहरुलाई सत्ताको सिँढीबाट खसालेको छ। हालको प्रतिस्पर्धात्मक बजारमा ग्राहकको गुनासो सुन्ने र समस्या समाधानमा ध्यान दिनुको सट्टा पत्रकार तथा संचारमाध्यामहरुसँग जोरी खोज्ने काम गरेर क्लासिक टेकले आफ्नै खुट्टामा बञ्चरो हान्ने काम गरेको छ। नेपाल पत्रकार महासंघ जिल्ला, प्रदेश र केन्द्रले एकबद्ध भएर क्लासिक टेकको कदमको विरोध गर्नु जरुरी छ। हामीले उसलाई हदैसम्मको कारबाही गर्न सम्बन्धीत पक्षलाई दबाब दिनुको विकल्प छैन। यसका साथै न्यायिक संघर्षमा उत्रन पनि सबै लाग्नुपर्ने देखिन्छ। होइन भने आज क्लासिक टेकले गरेको असंवैधानिक हर्कत अर्को इन्टरनेट सेवा प्रदायक कम्पनीले पनि गर्ला। यसतिर सबैले ध्यान दिन आवश्यक छ।

> आज क्लासिक टेकले गरेको असंवैधानिक हर्कत अर्को इन्टरनेट सेवा प्रदायक कम्पनीले पनि गर्ला। यसतिर सबैले ध्यान दिन आवश्यक छ।

# नागरिकता विधेयक पारित गर्न माग

♦ हाम्रोमत संवाददाता

*विराटनगर, १३ भदौ*



संसदमा विचाराधिन रहेको नागरिकता विधेयक पारित हुनुपर्ने माग राख्दै नागरिकता पीडित संघर्ष समिति मोरङले विराटनगरमा आइतबार सांकेतिक प्रदर्शन गरेको छ।

मोरङका प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलालाई ज्ञापनपत्र बुझाउँदै समितिले जिल्ला प्रशासन कार्यालय अगाडि प्रदर्शन गरेको हो।

युवाहरुले नागरिकता विधेयक पारित गर, हाम्रो पहिचान कायम गर र हामीलाई नागरिकता खोई त सरकार लेखिएको प्लेकार्डसहित प्रदर्शन गरेका थिए। उमेर पुगेका नेपाली नागरिकलाई नागरिकताको प्रमाणपत्र दिनुपर्ने उनीहरुको माग छ।

नेपालको संविधानमा नागरिकता सम्बन्धी व्यवस्था गरिएको भएपनि विभिन्न राजनितिक कारण देखाउँदै नागरिकता विधेयकलाई अलपत्र पार्न खोजिएको उनीहरुको भनाई छ। नागरिकता विधेयक राजनितिक दलहरुका लागि चुनावी एजेण्डा मात्र बन्दै आएको उनीहरुले औंल्याएका छन्।

नागरिकताको अभावमा अहिले पनि नेपालका एकतिहाई युवा जनशक्तिको भविष्य अन्यौलमा रहेको समितिले जनाएको छ। नागरिकताको अभावमा अधिकांश युवाहरु उच्च शिक्षा र रोजगारीबाट समेत बन्चित हुँदै गएको नागरिकता पीडित संघर्ष समितिका मोरङ जिल्ला अध्यक्ष अजय पौद्दारले बताए।

नागरिकता सम्बन्धि विधेयक हालसम्म संसदीय प्राथमिकतामा नपर्नु दुःखद् रहेको गुनासो गरेका छन्। 'सरकारले चुनावका बेला मात्रै नागरिकता विधेयक सम्झँदै आएको छ,' उनले भने, 'चुनावका बेला बुवाआमासँग भोट लिने तर पछि त्यही बुवाआमाका सन्तानसँग गैरनागरिक सरह व्यवहार गर्ने विषयले पनि सरकारको दोहोरो चरित्र स्पष्ट हुन्छ।'

यसअघि जेठ ९ गते राष्ट्रपति विद्यादेवी भण्डारीले जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजका आधारमा नागरिकता दिन नागरिकता अध्यादेश जारी गरेकी थिईन्। तर, राष्ट्रपति भण्डारीद्वारा जारी अध्यादेश कार्यान्वयन नगर्न सर्बोच्च अदालतले आदेश दिएको थियो।

# थारु समुदायले रैब पर्व मनाउँदै

♦ हाम्रोमत संवाददाता

*इटहरी, १३ भदौ*

पूर्वमा बसोबास गर्ने थारु समुदायले हरेक वर्ष भाद्र महिनाभरि रैब पर्व धूमधामले मनाउँछन्। भदौ महिनाको पहिलो आइतबारबाट सुरु भई महिनाभरि पर्ने आइतबारका दिन रैब पर्वका रूपमा मनाउने गरिन्छ।

यो पर्वलाई गुलियो (मिठ पावैन) पनि भन्ने चलन रहेको छ। यस दिन थारु समुदायको घरघरमा दही, दूध, चिउरा, चिनी, जेरी, फलफूल आदि खाने गरिन्छ। थारु भाषामा आइतबारलाई रैब पनि भनिन्छ।

थारु समुदायको नियम र संस्कार अनुसार प्रत्येक घरमा त्यो दिन नुन, तेल खाए र अन्य नुनिलो चिज खाए पर्व भङ्ग हुने र कुल देवता रिसाउने मान्यता पनि रहिआएको छ। गाउँभरीका थारु महिलाहरू जम्मा भई प्रत्येक घर-घरमा गई डाली दक्षिणासहित चामल र फलफूल उठाउने काम गर्दछन्।

रैब पर्वको भोलिपल्ट नजिकको तलाउ, नदी र पोखरीमा गएर बिसहैर माता र नाग नागिन देवताको पूजा गरी पर्वलाई विसर्जन गर्ने गरिन्छ। धार्मिक मान्यता अनुसार छोरीचेलीलाई माइत बोलाएर सुख दुःखका कुराहरू साटासाट गर्नाले आसिर्वाद पाउने र आफूले चिताएको सबै आशा आकाङ्क्षा पुरा हुने विश्वास छ।

यो पर्व अहिलेसम्म पनि थारु समुदायमा निरन्तर मनाई रहेकाले भावी सन्ततिले समेत महत्व र संरक्षण गर्नुपर्ने आवश्यकता रहेको विश्लेषक चौधरीले बताए। रैब पर्व पूर्वका सुनसरी, झापा, मोरङ, सप्तरी, सिराहा, उदयपुर र धनुषालगायत थारु बसोबास रहेको जिल्लाहरूमा मनाइन्छ। पश्चिमका थारुहरूले भने यो पर्वलाई बड्का अटवारी भनेर मनाउने गर्छन्। उनीहरू यो पर्व कृष्ण जन्माष्टमीपछि मनाउने गर्दछन्।



## षडानन्द नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दिङ्ला, भोजपुर
१ नं. प्रदेश, नेपाल

**प्रकाशित मिति : २०७८/०५/१४ गते**

यस कार्यालयबाट मिति २०७८/०४/२० गते बुधबार मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित शिलबन्दी बोलपत्र आह्वानको सूचना अनुसार e–bidding मार्फत प्राप्त हुन आएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा तपशिलको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मू.अ. कर बाहेक) |
|---|---|---|---|---|
| 1 | Shad- | Procurement and supply of Stationary and Miscellaneous Items | IPROK Stationery Udhyog, Ramdhuni-2,Sunsari, Province 1, Nepal | Rs. 6,75,865.70 (Six Lacs Seventy Five Thousands Eight Hundred Sixty Five And Seventy Paisa Only) |




पूर्वेली जनसञ्चार सहकारी संस्था लि.द्वारा प्रकाशित । कार्यवाहक अध्यक्षः प्रभात घिमिरे प्रधान सम्पादकः विवेक गौतम, कार्यकारी सम्पादक : गोकुल पराजुली, सम्पादकः अर्जुनकुमार आचार्य
हाम्रोमत दैनिकको कार्यालयः विराटनगर-९, ट्राफिक चोक, मोरङ। फोन नं. ०२१-५१२७९०, email: hamromat@gmail.com, janabidrohadaily@gmail.com, मुद्रकः पिजिएस ग्राफिक्स, विराटनगर